# बिउ वंशवृद्धिदेखि राष्ट्रिय अर्थतन्त्रसम्म



मित्रराज दवाडी

बिउ जीवनको उत्पत्ति हो । बिउ पैतृक गुणको वाहक हो । यसले पैतृक गुणहरू सन्तान दरसन्तानमा लैजाने काम गर्दछ । त्यसैले बिउपुस्ता निर्माणको आधार हो । यसैकारण Wikipedia मा यसलाई यसरी परिभाषित गरिएको छ – "A seed is an embryonic plant enclose in a protective outer covering known as the seed coat. It is a characteristic of spermatophytes and the product of the ripened ovule which occurs after fertilization and some growth within the motherplant ."

मानव जीवन बिरूवामा आधारित छ । खाने कुराहरूको उत्पत्ति वनस्पतिबाट मात्र सम्भव छ । लगाउने कुराको आधार वनस्पति नै मुख्य रहेको छ । त्यस्तै बस्ने स्थान बनाउन पनि वनस्पति नै मुख्य आधार रहेको हामी पाउँछौं । यी वनस्पतिको निरन्तरताका लागि बिउ मात्र एक त्यस्तो वस्तु हो जसको अभावमा यो निरन्तरताको कल्पना पनि गर्न सकिँदैन । हाम्रो दाना, नाना र छानाको आधार बिउ नै रहेको छ ।

नेपालको संविधानको धारा ३६ को उपधारा १, २ र ३ मा खाद्य सम्बन्धी हकलाई मौलिक हकको रूपमा राखिएको छ । खाद्य सुरक्षा र खाद्य सम्प्रभुताको हकलाई मौलिक हकको रूपमा राखि सकेपछि देशका जनतालाई सो हक उपभोग गर्न पाउने अवस्था बनाइ दिनु राज्यको कर्तव्य हुन आउँछ । उसका लागि देश खाद्यान्नमा आत्मनिर्भर हुन नितान्त जरूरी छ । यदि देश खाद्यान्नमा आत्मनिर्भर नहुने हो भने खाद्य सम्प्रभुतालाई मौलिक हकमा राख्नुको कुनै अर्थ छैन । खाद्य सुरक्षा गर्नका लागि सबैभन्दा पहिला बिउको सुरक्षा हुन जरूरी छ । बिउमा आत्मनिर्भर नभएको देश कहिल्यै पनि खाद्यान्नमा आत्मनिर्भर हुन सक्तैन । त्यसैले बिउमा आत्मर्निभर हुनु भनेको देश आत्मर्निभर हुनु हो भने जनतालाई खाद्य सम्प्रभुताको हक निर्बाध उपभोग गर्न पाउने बनाउनु पनि हो । खाद्यान्न उत्पादन विदेशी बिउ ल्याएर पनि आत्मर्निभर हुन सकिन्छ भन्ने कुरो पनि आउन सक्दछ । यदि कथङ्कदाचित् विदेशी बिउ आउन सकेन र हामीसँग हाम्रो बिउ छैन भने के हुन्छ ? त्यसैले विदेशी बिउले तत्काललाई उत्पादन लिऔँला तर दीर्घकालीन रूपमा यो सोचले देशलाई विदेशीको गुलाम बनाउन सक्दछ । देशको खाद्य सम्प्रभुता कायम नरहने कुरा निश्चित छ ।

जनताको उत्पादनको साधन भनेको जमिन हो । जमिन जसमा हामी खेती गर्दछौं त्यो सीमित छ ।



खेतीयोग्य जमिन बढ्ने हुँदैन तर जनसङ्ख्या वार्षिक रूपमा बढी रहेको छ । हाम्रो देशका जनसङ्ख्या वृद्धिदर १.८% छ । त्यसैका आधारमा उत्पादन बढ्नु पर्ने हुन्छ । त्यसैका लागि सीमित जमिनबाट बढ्दो जनसङ्ख्याको खाद्यान्नको आपूर्ति गर्नु पर्ने हाम्रो बाध्यता रहेको छ । हामीसँग अरु विकल्प छैन । त्यसका लागि चाँडो उत्पादन दिने जात, धेरै उत्पादन दिने जात, रोग तथा किरा प्रतिरोधी जात, प्रतिकूल मौसम सहने जातको विकास गर्नु पर्दछ । यसका लागि जातीय विकासमा घनीभूत अनुसन्धान गर्नु पर्दछ । यदि हामीले हाम्रो अनुसन्धानलाई बलियो बनाएनौं र हाम्रा किसानको माग अनुसार जातको विकास गर्न सकेनौं भने हामी विदेशी बिउमा निर्भर हुनु पर्ने हुन्छ । आज तरकारीको बिउमा करिब करिब त्यस अवस्थामा पुगि सकेका छौं । धान र मकैको बिउमा हामीहरूले विदेशी बिउको दबदबा बढी रहेको पाएका छौं । धानको बिउमा हामीले हेऱ्यौं भने झापा, मोरङमा रन्जिते जातको; बारा, पर्सा, रौतहटमा स्वर्णा मन्सुली र बाँके, बर्दिया, कैलाली कञ्चनपुरमा सर्जु-५२ ले नेपाली जात विस्थापित भइ सकेको अवस्था रहेको छ । हाम्रो धानको बिउको माग करिब ७८००० मेट्रिक टन रहेको छ भने २५% लाई बिउ प्रतिस्थापन दर मान्दा पनि १८५०० मेट्रिक टन बिउ चाहिन्छ । हाम्रो राष्ट्रिय उत्पादन जम्मा ९००० मेट्रिक टन मात्र छ भने बाँकी बिउ यिनै विदेशी जातले ओगेटेको देखिन्छ । मकैमा पनि हामी यही अवस्था देखि रहेका छौं । यसरी जातीय प्रतिस्थापन हुँदै जाँदा हाम्रा जातहरू लोप हुने र यहाँको उत्पादन विदेशी जातमा निर्भर हुन पुग्दछ । यदि यस्तो अवस्था विद्यमान भयो भने कुनै दिन ती बिउहरू हाम्रो राष्ट्रिय स्वाधीनता नै धरापमा पुग्न सक्दछ ।

अरु देशमा हामीले हेऱ्यौं भने बिउ उत्पादन र त्यसको बजार निकै व्यवस्थित पाउँछौँ तर हाम्रो देशमा यो व्यवसायलाई तुच्छ रूपमा हेर्ने गरिएको छ । यदि धान, गहुँ र मकैको बिउको बजार मात्रै हेर्ने हो भने पनि यसको बजार निकै ठुलो छ । रकमको रूपमा हेर्दा करिब ८-९ अरबको कारोबार हुने हुन्छ । यदि हामीले हाम्रो बिउ बनाएनौँ भने यति रकम प्रतिवर्ष विदेश पठाउने हाम्रो बाध्यता हुने छ ।

यसैले बिउ व्यवसाय राष्ट्रिय प्राथमिकताको विषय बन्नु पर्दछ । यस देशलाई खाद्य सम्प्रभुता बनाउन जरूरी छ, राष्ट्रिय स्वाधीनताका लागि, राष्ट्रिय अर्थतन्त्रको जगेर्नाका लागि बिउको विकासमा लाग्नु पर्दछ । यही हिसाबले योजना निर्माण गर्नु पर्दछ ।